# उदयपुरगढी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

# आ.ब २०७४।०७५ को नीति तथा कार्यक्रमहरु

*“सामाजिक, आर्थिक तथा पूर्वाधार बिकास सहितको पहिचान, समृद्ध उदयपुरगढी गाउँपालिका हाम्रो अभियान”*

***सम्मानीत सभाका अध्यक्ष महोदय,***

***सभाको गरिमा बढाउन उपस्थित बिशिष्ट महानुभावहरु, गाउँसभाका सदस्यज्युहरु,***

***अतिथि ज्यूहरु, उपस्थित सम्पुर्ण महानुभावहरु,***

नेपालको संविधान, २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरे बमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताको प्रतिक्षा, दश बर्षे सशस्त्र संघर्ष, २०६२/०६३ को जनआन्दोलन, मधेश आन्दोलन, दलित-जनजाति आन्दोलन, दुईपटकसम्म भएको संविधानसभाको निर्वाचन भई जनताका प्रतिनिधिले नै संविधानको निर्माण तथा जारी गरी हाल कार्यान्वयनमा रहेको छ । संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारतः रुपान्तरण गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ सम्पन्न भई आज हामी उदयपुरगढी गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही यो कार्यक्रममा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षीत भएका छौँ । यस निर्बाचनमा उत्साहबर्धक ढंगले सहभागी भई शान्तिपूर्बक रुपमा निर्बाचन सम्पन्न गराउनु हुने राजनैतिक पाटी मतदाता स्थानीय प्रशासन, सुरक्षाकर्मी निर्बाचनमा खटिने कर्मचारी लगायत सम्बद्ध पक्षलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

देशलाई यस स्थितमा ल्याइपुऱ्याउन आफ्नो प्राणोत्सर्ग गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र तथा संघीयता स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुलाई सम्झन चाहन्छौँ । संघीयता र स्थानीय सरकार मार्फत गाउँगाउँमा सिंहदरबारको सेवा प्रवाहलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत

साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ ।

**अध्यक्ष महोदय,**

अब म उदयपुरगढी गाउँपालिकाको संक्षिप्त जानकारी, बिकासको सम्भावना र चुनौतीको बारेमा जानकारी गराउन अनुमति चाहान्छु ।

संघिय संरचना अनुसार प्रदेश नम्बर १ मा अबस्थित भित्री मधेशमा पर्ने एकमात्र जिल्ला उदयपुरको सदरमुकाम गाइघाट देखी ४२ कि.मी को दुरीमा यो गाउँपालिकाको केन्द्र रहेको छ । साबिकका तावाश्री, बर्रे, डुम्रे, पञ्चावती र भलायडाँडा गा.बि.स मिली यो गाउँपालिका गठन भएको हो । उदयपुर जिल्लाका गाउँपालिका हरुमध्ये जनसंख्या र क्षेत्रफलको आधारमा सबैभन्दा ठुलो यो गाउँपालिकाको पूर्बमा रौतामाई गाउँपालिका र त्रियुगा नगरपालिका, पश्चिममा कटारी नगरपालिका, उत्तरमा ताप्ली गाउँपालिका र दक्षिणमा सिराहा जिल्ला रहेको छ । कुल ८ वटा वडामा बिभक्त भएको यो गाउँपालिकाको कुल क्षेत्रफल २६९ बर्ग कि.मि तथा कुल जनसंख्या राष्ट्रिय जनगणना २०६८ अनुसार २८७१४ रहेको छ । बिकट भौगोलिक अबस्था, छरिएर रहेको बस्तीका कारण सबै बस्तीका जनताहरुको शिक्षा, स्वास्थ्य, सडक, सञ्चार, खानेपानी जस्ता बिकासका पूर्बाधारहरुमा बस्ती नजिकै सहज ढंगले पहुँच पुग्न नसकेको यथार्थता हाम्रो सामु एकातिर रहेको छ भने अर्को तिर गरिबी र बेरोजगारी पनि अर्को समस्या रहेको छ । मुलुक लामो समय सम्म जनप्रतिनिधी बिहिनताको अबस्थामा सञ्चालन हुदै आएको भएता पनि अब त्यो अबस्थाको अन्त्य भएको छ । गाउँपालिका क्षेत्रभित्रका बिधामान समस्या र चुनौतीहरुको निर्मुलीकरण गर्न यस क्षेत्रमा अधिक सम्भावना पनि रहेको छ । यस्ता सम्भावना र अबसरको खोजी गर्दै जनतालाई बिकास र सेवा प्रबाहमा संघीयताको बास्तबिक अनुभुति गराउने दायित्व हाम्रो काधमा आएको छ । स्थानिय तहको निर्बाचन भई जनप्रतिनिधीहरुले नै नीति कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयनमा ल्याउने अबस्था रहनु, हाम्रो गाउँपालिका क्षेत्रमा बनजंगल, खानी, उधोग लगायत अन्य प्राकृतिक श्रोत साधनहरु प्रचुर मात्रामा रहनु, धरान चतरा गाइघाट, नेपालटार कटारी सडक खण्ड बिस्तार हुदै जानु, पुरानो सदरमुकामको रुपमा रहेको उदयपुरगढी लगायत अन्य भुभाग हरुमा पर्यटकीय स्थलको प्रचुर सम्भावना रहनु, बिधुत्तीकरण तर्फ केन्द्रिय प्रसारण लाईन बिस्तार हुदै आउनु, बहुल जातीको बसोबास रहेको कारण साँस्कृतिक बिबिधतामा धनी रहनु जस्स्ता कारणले यो गाउँपालिकाको भबिष्यलाई मार्गदर्शन गरिरहेको छ । यसलाई सही मार्गमा डोरयाउने जिम्मेवारी अब हाम्रो दायित्वमा आएको छ र प्रस्तुत नीति तथा कार्यक्रम पनि यसै परिबेश अनुसार, संबिधान, नेपाल सरकारबाट प्राप्त मार्गदर्शनहरु आदिको आधारमा तयार गरिएको छ ।

**अध्यक्ष महोदय तथा उपस्थित सम्पुर्ण महानुभावहरु, अव म यस** उदयपुरगढी **गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१.झन्डै दुई दशक देखि रिक्त स्थानीय निकाय (हाल तह) को निर्वाचन भई जनप्रतिनिधि विहीन अवस्थाको अन्त्य भएको छ । अवका दिनमा गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमा साथै कार्यान्वयनमा कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको गरिवी न्युनीकरण गर्दै आर्थिक-सामाजिक समृद्धि हासिल गर्ने प्रमुख नीति लिइएको छ ।

गाउँपालिकाका क्षेत्रगत नीति देहाय अनुसार रहेका छन ।

## ***योजना तथा कार्यक्रम***

योजना तथा कार्यक्रमलाई गुणस्तरीय, प्रभाबकारी र मितव्ययी बनाउन देहायका नीतिहरु अबलम्बन गरिने छ ।

(क) टुक्रे योजना निरुत्साहित गर्दै लगिने छ । योजनामा कनिका छर्ने प्रबृतिको अन्त्य गरिने छ ।

(ख) जनताका लागि योजना होइन, योजनामा जनता भन्ने कुरालाई व्यबहारिक रुपमै कार्यान्वयनमा ल्याउन समुदाय, बस्ती स्तरबाटै माग र प्राथमिकताको आधारमा योजना छनौट गर्ने पद्धतिको बिकास गरिने छ ।

(ग) बजेटको आधारमा योजना होइन, योजनाको आधारमा बजेट बिनियोजन गर्ने पद्धतिको बिकास गर्दै लगिने छ । यसका लागि आगामी आ.ब मा सञ्चालन गरिने प्राथमिकीकरणमा परेका योजनाहरुको प्राबिधिक स्टिमेट तयार गरे पश्चात मात्र बजेट बिनियोजन गरिने छ ।

(घ) निरन्तर अनुगमन प्रणालीको बिकास गरिने छ । योजना कार्यान्वयनमा आउनु पुर्ब, कार्यान्वयनको चरण तथा कार्यान्वयन पश्चात गरी तीन पटक अनिबार्य अनुगमन गर्ने, तीन वटै चरणहरुको तस्बीर सहितको प्रतिबेदन तयार गरी सार्बजनिक गर्नुपर्ने नीति लिइने छ ।

सबै योजनाहरुको अनिबार्य रुपमा सार्बजनिक परिक्षण र सामाजिक परिक्षण गर्ने र अनिबार्य होडि बोर्ड राख्नु पर्ने व्यबस्था कार्यान्वयनमा ल्याईने छ ।

( ) बिकास निर्माण कार्यमा अग्रिम पेश्की दिने पद्धतिको अन्त्य गरिने छ । रनि बिलको आधारमा मात्र पेश्की दिदै जाने नीति लिइने छ । प्राबिधिक स्टिमेट अनुसारको काम भएको नपाइएमा निकासा दिन बाँकी रकम रोक्का राख्ने र त्यस्तो उपभोक्ता समितिलाई कालोसुचीमा राखी सार्बजनिक गर्ने र आगामी दिनमा त्यस्तो समितिलाई कुनै पनि बिकास निर्माण र योजनाको काममा संलग्न नगराइने नीति अबलम्बन गरिने छ ।

(च) असार महिनामा योजना सम्झौता गरी काम गर्ने पद्धतिको अन्त्य गरिने छ । यसका लागि आगामी फागुन महिना सम्म सम्झौता भई सञ्चालनमा आउन नसकेका योजनाहरु आगामी बर्षमा मात्र सञ्चालन गरिने व्यबस्था कडाइका साथ लागु गर्ने नीति लिईने छ ।

## कृषि

१. नेपाल कृषि प्रधान देश हो । हाम्रो गाउँपालिका पनि कृषि पेशमा नै आत्मनिर्भर भएकाले परम्परगत कृषि प्रणालीलाई आधुनिकीकरण बिबिधिकरण, बजारीकरण र व्यवसायीकरण गर्ने नीति तथा कार्यक्रमहरु अगाडि बनाईनेछ ।

२. गाउँपालिका क्षेत्रभित्र कृषि उत्पादन हुन सक्ने सम्भाबित क्षेत्रको पहिचान गरी कृषि पकेट क्षेत्र, कृषि फार्म तथा पशु सेवा बिकासको लागि पशु फार्महरुको स्थापना र सञ्चालन गर्न आबश्यक कार्यक्रमहरु अगाडी बढाईनेछ । **"एक वडा एक कृषक समुह"** कार्यक्रम सञ्चालनको लागि आबश्यक सम्भाव्यता अध्ययन गर्दै च्याउ खेती, बिउ आलु, मौरीपालन, कुखुराफर्म, गाईपालन, बंगुरपालन जस्ता कार्यक्रमहरुमध्ये केही कार्यक्रमहरु लागु गर्दै क्रमश बिस्तार गर्दै लगिने नीति लागु गरिने छ ।

३. एक वडा एक कृषि/पशु प्राबिधिक अबधारणालाई कार्यान्वयनमा ल्याउन संघीय सरकार सँग आबश्यक पहल गरिने छ ।

३.जमिन बाँझो छोड्ने प्रबृत्तिलाई निरुत्साहित गरिनेछ । जनताको खाद्यसुरक्षाको अधिकारलाई सार्थकता दिन तथा त्यसमा गुणस्तर कायम गर्नेतर्फ थप पहल गरिनेछ ।

## *पर्यटन तथा संस्कृति*

१.उदयपुरगढी **गाउँपालिकाको** केन्द्र एक ऐतिहासिक एवं धार्मिक महत्व बोकेको स्थान हो । साथै, हिमाल देखी तराइका फाँटहरुको दृश्याबलोकन गर्न, एकै दिनमा हुने तीन चार थरिको मौसमी परिबर्तनको अनुभुत गर्न सकिने यो ठाउलाई **उत्कृष्ट पर्यटकीय गन्तव्य** स्थलको रुपमा बिकास गर्न आबश्यक नीति लिइनेछ । यसका लागि ***पाँच बर्ष, पाँच काम, उदयपुरगढी उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउ*** भन्ने नारा तय गरी प्रत्येक बर्ष एउटा पर्यटकीय क्षेत्रको बिकास गर्दै लगिने छ । गाउंपालिका क्षेत्रभित्रका अन्य सम्भाबित पर्यटकीय स्थलहरुको पहिचान गरी संरक्षण र बिकासका लागि आबश्यक कार्यक्रमहरु सञ्चालन गर्दै लगिने छ ।

२ आधुनिक किसिमका Hotel /Resturant/ Resort हरुको स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने जस्ता कार्यक्रमहरु लागु गरिने छ ।

३.यस क्षेत्रको सांस्कृतिक तथा स्थानीय कलाकृति तथा रितिरिवाजको संरक्षण, सम्वद्र्धन र प्रवद्धन गर्ने संग्रहालय स्थापना लगायत आबश्यक अन्य कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## *उर्जा तथा बिधुत*

1.उर्जा विकासको महत्वपुर्ण पुर्वाधार हो । यस गाउँपालिका क्षेत्रभित्र वातावरणमैत्री उर्जाको प्रयोगमार्फत यस गाउँपालिकालाई समृद्ध बनाउन प्रयास गरिने छ । आगामी दिनमा वनजंगल तथा वातावरण जोगाउन वैकल्पिक उर्जामार्फत दाउराको प्रयोगलाई क्रमशः विस्थापन गर्ने नीति लिइनेछ ।

2.**“उदयपुरगढीको शान, उज्यालो गाउँपालिका हाम्रो अभियान”** नारा तय गरी गाउँपालिका क्षेत्रमा बिधुतीकरणलाई प्राथमिकता दिइनेछ । यो बर्ष गाउँपालिका केन्द्र लगायत केही वडाहरुमा बिधुत सेवा उपलब्ध हुने गरी कार्यक्रम अगाडी बढाइनेछ र क्रमश यसलाई सबै वडाहरुमा बिस्तार गर्दै लगिने छ । गाउँपालिका भित्रका सम्भाबित सडकहरुमा सौर्य उर्जा सडक बत्तीको व्यबस्थापन गर्न आबश्यक पहल गरिने छ ।

## *सूचना, सञ्चार तथा तथ्याङ्क*

१. सूचना र सञ्चार प्रविधिविना समृद्ध समाजको परिकल्पना गर्न सकिँदैन । भरपर्दो संचार व्यवस्था हुन नसक्दा यहाँका जनता समय समयमा सञ्चारविहीन हुँनुपरेको अवस्था विदितै छ । यसका लागि नेपाल टेलिकम लगायत अन्य सेवा प्रदायकहरुसँग छलफल गरि ल्याण्ड लाईन टेलिफोन तथा आवश्यक टावरहरुको बिस्तार गर्ने कार्यलाई अगाडी बढाइने छ ।

२. गाउँपालिकाको सेवा प्रवाहलाई पूर्ण रुपमा ईन्टरनेट मार्फत प्रदान गर्न , सुचना प्रविधिको विकासका अन्य सम्भावनाबारे विभिन्न सरकारी तथा गैरसरकारी निकाय सँग समन्वय गरिनेछ ।

३ सूचना, तथ्याङ्क तथा अभिलेख ब्यवस्थापनलाई उच्च प्राथमिकता दिईनेछ । **"ठाउँ एक सूचना अनेक"** कार्यक्रम अर्न्तगत गाउँपालिका केन्द्रमा एक सूचना तथा अभिलेख केन्द्रको स्थापना गरिनेछ ।

४. **बिकास र सञ्चार सँगसगै** कार्यक्रमलाइ अभियानकै रुपमा लागु गरिने छ । हरेका बिकास निर्माण लगायतका अन्य काम कारबाहीहरुलाई सञ्चार सँग आन्तरिकीकरण गरिदै लगिने नीति लिइने छ ।

४.गाउँपालिका र हरेक वडा कार्यालयहरुको पार्श्वचित्र निर्माण गर्ने कार्यक्रम अगाडी बढाइनेछ । गाउँपालिका क्षेत्रभित्र हस्तान्तरण भएका तथा हुने सबै सरकारी तथा अर्धसरकारी संरचना तथा निकायको चल अचल सम्पतिको अभिलेखीकरण गरी प्रतिबेदन सार्बजनिक गरिनेछ ।

## ***सामाजिक न्याय र सामाजिक सुरक्षा***

७. गाउँपालिका क्षेत्रभित्र रहेका दलित, अल्पसंख्यक, अपांग, महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ । उनीहरुलाई समाजको मुल धारमा ल्याउने, निर्णय प्रक्रियामा महत्वपूर्ण भुमिका खेल्ने, आफुले संविधान तथा कानुनबमोजिम पाउने हक अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. मानव अधिकारको उच्च सम्मान गर्दै कानूनी शासनको मान्यतालई आत्मसात गरिनेछ । सामाजिक न्याय सहितको समतामूलक समाजको स्थापना गर्ने नीति लिईनेछ । शान्ति र सुरक्षालाई उच्च प्राथमिकता दिई सुरक्षा क्षेत्रसँग सम्बद्ध सबै निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

९. अवको विकास अपांगमैत्री, वालमैत्री, महिलामैत्री वनाउनेतर्फ नीति अङ्गिकार गरिनेछ । लैङ्गिक विभेद तथा दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ । साथै आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन पहल गरिनेछ ।

१०. सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तिहरुको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरिनेछ । पञ्जीकरणको कार्यलाई थप ब्यवस्थित गरिनेछ । जेष्ठ नागरिकहरुको आधारभूत हक, अधिकारको संरक्षण एवं सम्मानजनक र सन्तुष्टिपूर्ण जीवनयापनको लागि जेष्ठ नागरिकको सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।

५ लक्षित समुहलाई रोजगारमुलक शिक्षा प्रदान गर्न स्थानिय सेवा तथा लोकसेवाका कक्षाहरु सञ्चालन गरिने छ ।

## ***खानेपानी***

११. गाउँपालिका भित्रका जनतालाई सुरक्षित खानेपानीको प्रवन्ध मिलाउनका लागि पहल गरिनेछ । आगामी पाँच बर्षभित्र एक घर, एक धारा कार्यक्रम सञ्चालन हुने गरी खानेपानीको अभाव भएका वस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउन खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ । फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानीको शुद्धीकरण गरेर मात्र

पिउने, सरसफाईमा ध्यान दिने संस्कारको विकास गर्ने तथा यस सम्बन्धमा “सफा र स्वच्छ खानपान, उदयपुरगढीको पहिचान” नारा लाई मुर्तरुप दिन कार्यक्रमहरु ल्याइनेछ ।

## ***शिक्षा***

१. शिक्षा जिवनको महत्वपूर्ण आधार हो । यसक्षेत्रका विद्यालयहरुमा बालबालिकाको विद्यालय छोड्ने दर कम गर्न तथा विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयसम्म ल्याउनका लागि आवश्यक कार्यक्रमहरु ल्याइनेछ । वालमैत्री स्थानीय शासन कार्यक्रम, सामुदायिक बाल बिकास कार्यक्रम लगायत वालमैत्री विद्यालय, खेल्दै सिक्दै लगायतका कार्यक्रमहरुलाई समावेश गर्दै लगिनेछ ।

२ विद्यालयको पुर्वाधार विकास, शिक्षकको पेशागत हकहित तथा कामप्रतिको प्रतिवद्धतामा वृद्धि गरी यस क्षेत्रको साक्षरता दर बृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गरिनेछ ।

३ गाउँपालिका क्षेत्रभित्रका बिधालयहरुलाई (क)***नमुनाको रुपमा बिकास गर्न सकिने बिधालय,*** ***(ख) भौतिक र जनशक्ति युक्त तर गुणस्तरीय शिक्षामा पछि परेको बिधालय*** ***(ग) भौतिक पूर्बाधार, जनशक्ति दुबै अभाब भएको बिधालय*** भनी तीन तहमा निर्धारित मापदण्ड बनाई बिधालयहरुको बर्गीकरण गरिने छ । सोही बर्गीकरणको आधारमा बिधालयहरुको संस्थागत बिकास गर्दै लगिने छ ।

४. भौगोलिक बनावट तथा बिद्यार्थी संख्याको आधारमा बिद्यालय थप-घट गर्न, एकिकृत गर्न तथा समायोजन गर्नका लागि आवश्यक नीति बनाईनेछ । यसका लागि शिक्षक दरबन्दी मिलान तथा बिधालय मर्ज गर्ने नीति लिइनेछ ।

५. सीपमुलक, रोजगारमुलक व्यबसायीक शिक्षामा जोड दिने नीति लिइने छ । गाउँपालिका केन्द्रमा एउटा प्राबिधिक बिधालय स्थापना गर्न आबश्यक पहल गरिनेछ । बिधालयको संभाव्यता पहिचान गरी त्यसता बिधालयहरु बाटै प्राबिधिक शिक्षा तथा व्यबसायीक शिक्षा उपलब्ध गराउने नीति लिईने छ । बिधालय तहमा कम्प्युटर शिक्षा, मातृभाषामा शिक्षा सञ्चालन हुन सक्ने बिधालयको सम्भाव्यता अध्ययन गरी त्यस तर्फ आबश्यक पहल अगाडी बढाइने छ ।

## स्वास्थ्य

१. स्वस्थ्य नै धन हो भन्ने मान्यतालाई आत्मसात गर्दै यस क्षेत्रमा स्वास्थ्य सेवा अभिवृद्धि गर्नेतर्फ पहल गरिनेछ । नेपाल सरकारको नागरिक स्वास्थ्य विमा कार्यक्रमलाई ब्यवस्थति बनाउदै "म स्वस्थ मेरो गाउँपालिका स्वस्थ" जस्ता कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ ।

२. अत्यावश्यक औषधि तथा उपचारको सहज ब्यवस्थापन गर्नुका साथै वाल मृत्युदर तथा मातृमृत्युदर घटाउन महिला स्वयंसेविकाहरु र ग्रा.स्वा.का.हरुलाई परिचालन गर्ने थप पहल गरिनेछ । प्रजननस्वास्थ्य, परिवार नियोजन, मातृशिशु कल्याण, बालबिबाह न्युनीकरण, बालबालिकालाई खोप सेवा तथा सरसफाइ सचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । **"स्वस्थ्य आहार समृद्ध परिवार"** नारालाई प्राथमिकतामा राखी स्वस्थ्य जीवनयापनको लागि चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३. "**सुरक्षित मातृत्व हाम्रो दायित्व"** भन्ने मुल नारालाई आत्मासाथ गर्दै स्वास्थ्य उपचार बिशेष कोष स्थापना गर्ने कार्यक्रम अगाडी बढाइने छ । एक स्वास्थ्य चौकी एक एम्बुलेन्सको नीति लिइने छ । सुत्केरी पोषण कार्यक्रमलाई थप व्यबस्थित बनाउन आन्तरिक राजश्वबाट व्यबस्थापन गर्ने गरी नेपाल सरकारबाट दिदै आएको प्रोत्साहन भत्तामा शत प्रतिशत रकम थप गरिने नीति लिइने छ ।

४. नेपाल सरकारले हरेक गाउँपालिकामा १५ शैयाको अस्पताल बनाउने कार्यक्रम लिए अनुरुप यस गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण गर्ने पहल गरिनेछ ।

## खेलकुद

१ स्वस्थ र सिर्जनशिल युवाका लगि खेलकुदको विकास गर्ने सम्भाव्यता अध्ययन गरिनेछ र खेलकुद विकासका पूर्वाधार बनाउने कार्यलाइ तिव्रता दिइनेछ ।

२ प्रत्येक बर्ष गाउँपालिका कप खेलकुद प्रतियोगिता सञ्चालन गर्नका लागि ब्यवस्था मिलाईनेछ । युवाहरुलाई उपलब्ध स्रोत साधनको परिचालन गरी रोजगारी

सिर्जनामार्फत गरिबी न्युनीकरण गर्ने, सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने, खेलकुदतर्फ प्रोत्साहन गर्ने खालका युवालक्षित कार्यक्रमहरु ल्याइने छ ।

३. कर्मचारीहरु र जनप्रतिनिधीहरु बीचको सम्बन्धलाई खेलकुदको माध्यम मार्फत दरिलो बनाउन बर्षमा एक पटक कर्मचारी र जनप्रतिनीधि बिच मैत्रीपूर्ण खेलकुद कार्यक्रम आयोजना गरिने छ ।

## *पुर्बाधार बिकास र सहभागिता*

१.भौतिक पूर्वाधार विकास अन्य सबै विकासको आधारशीला हो । पूर्वाधार विकासका लागि जनसहभागिताको पाटो अपरिहार्य हुन्छ । जनताको स्वामित्व र अपनत्व कायम गर्न सकिएमा मात्र विकासले दिगोपना हासिल गर्न सक्दछ । त्यसका लागि "हाम्रो पूर्वाधार, हामी आफै बनाउछौँ" कार्यक्रमलाई अभियानको रुपमा विकास गरिने छ । गाउँपालिका क्षेत्रमा सञ्चालन हुने बिकास निर्माण आयोजनाहरुमा योजनाहरुको प्रकृति अनुसार पाँच देखी बीस प्रतिशत सम्म जनसहभागिता अनिबार्य हुनुपर्ने नीति लिइनेछ ।

२. हाम्रो जस्तो बिकट भौगोलिक अबस्था तथा छरिएर रहेको बस्तीमा बिकासको बाहक नै सडक हो । तसर्थ हरेक वडा कार्यालयको केन्द्रसम्म सरल र सहज रुपमा बाह्रै महिना यातयात सेवा सुचारु हुने गरी सडक सञ्जालको बिकास  गरिनेछ । ३. गाउँपालिका क्षेत्रमा प्राथमिकताको आधारमा सडक सञ्जाल बिस्तार गर्दै लगिने छ ।

४. गाउँपालिका क्षेत्रभित्र सिञ्चाई, झोलुगे पुल, लगायतका बिकासका अन्य क्षेत्रहरुको सम्भाव्यता अध्ययन गर्दै बिकासका कार्यक्रमहरु अगाडी बढाइने छ ।

## *खानी तथा उधोग*

१. यस क्षेत्रमा रहेका उद्योग तथा रोजगारीका अन्य अवसरहरुलाई ब्यापक खोजी गरी सम्भावना रहेका ढुंगा, गिटी, काष्ठ उद्योग, पशुपालन उद्योग, पर्यटन उद्योग लगायत अन्य घरेलु तथा साना उद्योगहरुको प्रोत्साहन तथा बिकास गरिनेछ । **साथै चुनढुंगा खानी लगायत अन्य खानीहरुको सम्भाव्यता अध्ययन गरी पहिचान, सञ्चालन तथा व्यबस्थापनका लागि आबश्यक नीति लिइनेछ ।**

## *बैक तथा बितिय संस्था*

१. यस गाउँपालिका क्षेत्रमा सरकारी कारोबार गर्ने वैंक तथा वित्तिय संस्थाहरु सञ्चालनमा छैनन् । आगामी वर्षमा देशका सम्पुर्ण स्थानीय तहमा सरकारी कारोबार गर्ने वैंक तथा वित्तिय संस्थाहरु खोल्ने सरकारको घोषणालाई कार्यान्वयनमा ल्याउन सहजीकरण गरिनेछ ।

२. **"बचत गर्ने बानीको बिकास गरौ "** भन्ने नारालाई अभियानकै रुपमा सञ्चालन गरिनेछ । प्रत्येक समुदायमा सामुदायिक बचत समूह तथा प्रत्येक वडामा वडा बचत समुहको गठन गर्न प्रोत्साहन गरिनेछ ।

३ गाउँस्तरमा विभिन्न समुहमार्फत वचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी समुहहरु गठन गर्ने नीति लिइनेछ । वचत वृद्धि, पुँजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ ।

## *सेवा प्रबाह र सुशासन*

१.**"खर्चमा मितव्ययीता, कार्यमा पारदर्शिता, बिकासमा जनसहभागिता, सेवा प्रबाहमा गुणस्तरीयता नै हाम्रो प्रतिबद्धता"** भन्ने मान्यतालाई आत्मसात गर्दै सेवा प्रबाह हुने बाताबरण सिर्जना गर्न आबश्यक व्यबस्था मिलाइनेछ ।

२. गाउँपालिका कार्यालय र सबै वडा कार्यालयहरुको कार्यालय व्यबस्थापनलाई प्राथमिकता दिइनेछ । बितिय अनुशासन कायम गर्न ठोस एवं मुर्त कार्यबिधि तयार गरी लागु गरिने छ ।

३. सार्वजनिक सेवा प्रवाहमा सेवाग्राहीहरुलाई कुनै प्रकारको विभेद नगरी उच्च प्राथमिकता दिई सेवा प्रवाह गरिनेछ । कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरुमार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुणत्मकता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुबाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सूचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

४. सेवा प्रवाह गर्ने कर्मचारीहरुलाई काम गर्ने खालको वातावरण सिर्जना गरिनेछ । साथै यो क्षेत्रमा सरकारी कर्मचारीहरु सँधै बसी उनीहरुमा जनताको सेवाभाव जागृत गराउने र गाउँपालिकाका निर्णयहरुलाई कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ । भौगोलिक क्षेत्रको बिकटता समेतलाई मध्यनजर गर्दै काम गर्नुपर्ने बाध्यता भएकाले आगामी दिनमा प्रोत्साहन भत्ताको व्यवस्था मिलाउनेतर्फ पहल तथा अध्ययन गरिनेछ ।

५ उचित र बस्तुनिष्ठ मुल्याङ्कनको आधारमा कार्यको प्रकृति हेरी कर्मचारीहरुलाई क्षमता बिकास तालिम, पुरस्कार तथा दण्ड-सजायको समेत ब्यवस्था मिलाईनेछ ।

## ***बाताबरण र बिपद व्यबस्थापन***

१ जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवद्र्धन गर्न पहल गरिनेछ । यस क्षेत्रभित्र विद्यमान र आउन सक्ने प्रकोप तथा विपदहरुलाई समेत ध्यानमा राखी जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न निकायसँग सहकार्य गरि अगाडि बढ्ने नीति अख्तियार गरिनेछ ।

२. **प्रकोप र बिपदलाई रोक्न सकिन्न तर त्यसबाट हुन सक्ने क्षतिलाई न्युनीकरण गर्न भने सकिन्छ । तसर्थ गाउँपालिका क्षेत्रको सम्भाबित बिपद तथा प्रकोप जस्तै बाढी, पहिरो, चटयाङ तथा आगलागी हुन नदिन तथा हुन सक्ने क्षति न्युनीकरण गर्न आबश्यक नीति तथा चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकामा एउटा बिपद कोष स्थापना गरिनेछ र यस्तो कोषबाट प्रकोप र बिपद जन्य अबस्थामा जनतालाई प्रदान गरिने राहत बाहेक अन्य कुनैपनि अबस्थामा खर्च गर्न नपाईने कार्यबिधि बनाई कार्यान्वयनमा ल्याइनेछ ।**

३. वातावरणीय सन्तुलन र मानवीय सुरक्षा लगायतका विषयमा कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्राकृतिक प्रकोपसँग जुध्न सक्ने खालका कार्यक्रम सञ्चालन गर्ने, नदी नियन्त्रण, पहिरो नियन्त्रण, जलाधार संरक्षण, बन फडानी

नियन्त्रण, बनजन्य चोरी-निकासी र बन पैदावार नियन्त्रण, बृक्षारोपण कार्यक्रम, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण लगायतका विषयलाई महत्वका साथ सम्बोधन गरिनेछ ।

## *राजश्व व्यबस्थापन*

१ यस क्षेत्रमा उठ्ने राजस्वलाई थप व्यवस्थित गरि राजस्व परिचालन तथा राजस्व चुहावट नियन्त्रणमा जोड दिइनेछ । उठ्ने राजस्व वाँडफाडको लागि संघीय सरकार, प्रदेश सरकार तथा अन्य विभिन्न निकायसँग समन्वय गरिनेछ । **"हामीले तिरेको कर हाम्रै लागि"** भन्ने भावानाको बिकास गर्न सबै जनतालाई चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## गैरसरकारी संस्था र नीजि क्षेत्र

१. गैरसरकारी संस्था र नीजि क्षेत्र बिकासका बाहक हुन भन्ने कुरालाई मध्यनजर गर्दै यस्ता संस्था तथा बिकासका अन्य साझेदार हरुसँग सम्बाद सहकार्य र सहभागिताको नीति लिइने छ ।

२ गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका तथा पछि यस गाउँपालिकालाई कार्यक्षेत्र बनाई आउने गैरसरकारी संस्थाहरुको सञ्चालन, व्यबस्थापन तथा नियमन गर्न कार्यबिधिको तर्जुमा गरिने छ । गाउँपालिका कार्यालयमा एउटा NGO Desk को स्थापना गरिने छ ।

## *अन्त्यमा,*

सामाजिक रुपान्तरण, आर्थिक समृद्धि तथा पूर्वाधार युक्त गाउँपालिका निर्माण नै आजको आबश्यकता हो । तसर्थ **"सामाजिक, आर्थिक तथा पूर्वाधार बिकास सहितको पहिचान, समृद्ध उदयपुरगढी गाउँपालिका हाम्रो अभियान"** भन्ने मुल नारा तय गरी उक्त नारालाई साकार पार्न हाम्रा नीति तथा कार्यक्रमहरु लक्षित रहनेछन । यसका लागि राजनैतिक ऐक्यबद्धता, प्रशासनिक कटिबद्धता, श्रोत साधनको पर्याप्तता, दक्ष जनशक्तिको व्यबस्था, प्रभाबकारी अनुगमन एवं मुल्याङकन संयन्त्र, सचेत नागरिक समाज र सञ्चार जगत तथा जनताको समर्थन पूर्बशर्त हुन । सबैको आपसी सहयोग, समन्वय र साथ बाट नै समृद्ध गाउँपालिका निर्माणको सपना साकार पार्न सकिने भएकाले सबै व्यक्ति, बर्ग, समुदाय, राजनैतिक दल, आम जनता, कर्मचारीहरु, सरकारी,

नीजि तथा गैरसरकारी संस्था, निकाय लगायत सबै सरोकारवाला बर्गमा सहयोगको लागि हार्दिक अपिल गर्दछु ।

अन्त्यमा यी सबै बिविध पक्षहरुमा महत्वपूर्ण सहयोग पुऱ्याउनुहुने सबै राजनीतिक दलहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत तथा सम्पूर्ण उदयपुरगढीबासी दाजु भाई तथा दिदी बहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**सबै उदयपुरगढीबासीहरुको जय होस । धन्यवाद ।**

**सम्मानीत सभाका अध्यक्ष महोदय,**

**सभामा उपस्थित बिशिष्ट महानुभावहरु,**

**सभाका सदस्यज्युहरु तथा अन्य उपस्थित सम्पूर्ण महानुभावहरु ।**

नेपाली जनताको एतिहासिक जनआन्दोलन मार्फत स्थापित नेपालको संविधान २०७२ वमोजिम स्थानीय तहको निर्वाचन गत असार १४ गते सम्पन्न भई तपाई हामी जनप्रतिनिधिको रुपमा निर्वाचित भएका छौ । उदयपुरगढी गउँपालिकाका हामी जनप्रतिनिधीलाई यहाँको जनताले अमुल्य मत प्रदान गरी विजय गराइ सके पछि आज हामीले पहिलो पटक उदयपुरगढी गाउँपालिकाको आ.व. २०७४।०७५ को वजेट प्रस्तुत गर्न गइरहेका छौ । यहाँका जनताका उत्कृष्ट इच्छा र आकंक्षा लाइ स्मरण गर्दै यस उदयपुरगढी गाउँपालिकाको जनताको भविष्यलाई उज्वल वनाउदै आर्थिक सम्वृदी र विकासका योजनालाई अधि वढाउनु हाम्रो कर्तव्य हो । प्रत्येक वडा तथा टोलका जनताको विकासलाई नेपाल सरकारको नीति अनुसार उदयपुरगढी गाउँपालिकाको नीति वमोजिम तलै देखि जनतालाई योजना र्तजुमा प्रक्रियामा सहभागी गराउदै विकासका योजनाहरु छनौट हुदै आएका छन । वजेट तथा कार्यक्रम निर्माण गर्दा विषयगत समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति र गाउँपालिकाको वैठकमा व्यापक छलफल गरी हाम्रो उदयपुरगढी गाउँपालिकाको निर्धारित वजेट सिलिङ र यस अघि प्रस्तुत भएको नीति तथा कार्यक्रम भित्र केन्द्रीत रहेर विषयगत क्षेत्रमा मात्र यो वजेट प्रस्तुत गर्न गई रहेको छु ।

यस गरिमामय सभामा देश र जनताको लागि आफ्नो जीवन वलिदान गर्नुहने सम्पुर्ण ज्ञात अज्ञात वीर सहिद हरु प्रति भाव पुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यसका साथै गाउँपालिकाको संस्थागत विकासमा योगदान पुर्‍याउनु हुने अग्रज अभिभावक, राजनैतिककर्मि, राष्ट्रसेवक कर्मचारी, समाजसेवी अन्य सरोकारवालाहरुमा कृतज्ञता व्यक्त गर्दछु ।

**अध्यक्ष महोदय,**

उदयपुरगढी गाउँपालिकालाई समृद्ध वनाउनको लागि जनताको सेवालाई प्राथमिकतामा राखी हाम्रा सवै क्रियाकलाप त्यसतर्फ केन्द्रीत गर्दै **"सामाजिक, आर्थिक, पुर्वाधार विकास सहितको पहिचान, समृद्ध उदयपुरगढी गाउँपालिका हाम्रो अभियान"** भन्ने मुल नारालाई सार्थक तुल्याउन हाम्रो प्रमुख कर्तव्य हुनेछ । वजेटको मुख्य उद्देश्य नै सामाजिक रुपान्तरण, अर्थिक सम्वृद्धि र पुर्वाधार विकास रहेको छ । आ. व. २०७४।७५ को बार्षिक नीति तथा कार्यक्रम लाई समृद्ध गाउँपालिका निर्माणको

आधार वर्ष घोषणा गर्दै यसअघि प्रस्तुत नीति तथा कार्यक्रमलाई मुख्य मार्गदर्शनको रुपमा लिई सोहि दिशा उन्मुख हुनेगरी विषयगत क्षेत्रहरुमा बजेट निमार्ण गरिएको छ । उदयपुरगढी गाउँपालिकाको पहिलो गाउँसभाको पहिलो वजेट तथा कार्यक्रम तर्जुमा समतिको संयोजक एवम गाउँपालिकाको उपाध्यक्षको हैसियतले यो सम्मानित सभामा आ.ब. २०७४।७५ को वजेट प्रस्तुत गर्न पाउदा हामी सबैलाई गौरवको अनुभुती भएको छ । म आफै पनि निकै हर्षित छु ।

**अध्यक्ष महोदय,**

अव म यस सभामा वजेटको सारांस प्रस्तुत गर्न गई रहेको छु ।

आ.ब. २०७४।७५ को लागि कुल वजेट ३९ करोड ८१ लाख ८५ हजार १२५ अनुमान गरिएको छ । यसमा नेपाल सरकार वाट प्राप्त ३४ करोड १६ लाख २२ हजार, सामाजिक सुरक्षा भत्ता वापत ४ करोड ५७ लाख ७ हजार २००, गाउँपालिका कार्यलयको गत वर्षको अल्या वाट ६६ लाख ३ हजार ९२५, वहुक्षेत्रिय पोषण योजनावाट १४ लाख ९० हजार, छिन्द्रीङ वहुउद्देश्य सहकारी सस्था वाट व्याज वापत  प्राप्त हुने वार्षिक ४२ हजार र आन्तरीक स्रोत वाट २७ लाख २० हजार हुने अनुमान गरिएको छ । जस मध्ये चालु तर्फ २० करोड ७८ लाख ३३ हजार २०० र पुजिगत तथा कार्यक्रम तर्फ १९ करोड ३ लाख ५१ हजार ९२५ वजेट विनियोजन गरिएको छ ।

**अध्यक्ष महोदय,**

उदयपुरगढी गाउँपालिका स्थानीय तहमा रुपान्तरीत भए पश्चात ८ वटा वडा कायम भई आएको प्रत्येक वडाहरु लाई रु ५० लाखको दरले वडा गत योजनाको लागि रु. चार करोड विनियोजन गरी वडा वाट छनौट भइ आएका योजना तथा कार्यक्रम हरु लाई यस वजेटमा समावेश गरीएको छ । सो वाहेकका वजेटलाई सम्वन्धित विषयगत समितिको सिफारिस र गाउँ कार्यपालिकाको वैठकले लिइने नीति अनुरुप क्षेत्र गत रुपले वजेट विनियोजन गरीएको व्यहोरा यहाहरुलाई अगवत गराउन चाहन्छु ।

**अध्यक्ष महोदय,**

अब म क्षेत्रगत बजेटको सारंश प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

कृषि, पशु, पर्यटन, सहकारी, उद्योग, वाणिज्य जस्ता क्षेत्र हरुको विकास र विस्तार भएमा मात्र यस गाउँपालिकाको आर्थिक समृद्धी हुने कुरा लाई मनन गर्दै यस क्षेत्रमा कुल १ करोड ७६ लाख ८० हजार वजेट विनियोजन गरीएको छ ।

## ख. पुर्वाधार विकास

भौगोलिक विकटता, छरिएर रहेको वस्ती भएको हाम्रो जस्तो गाउँपालिकामा विकासको वाहक नै सडक हो । यसका साथै नयाँ संरचना अनुरुप भवन हरुको निमार्ण गर्नु पर्ने लगायत अन्य थुप्रै पुर्वाधार जन्य क्षेत्रको विकास गर्नुपर्ने भएकोले यस क्षेत्रमा ११ करोड ५० लाख ५६ हजार ८४ बजेट विनियोजन गरीएको छ ।

## ग. वातावरण तथा विपद व्यवस्थापन

अवको विकास वातावरण मैत्रि, दिगो र विपद रहित हुनु पर्ने कुरामा कुनै बिबाद छैन । यसका लागि वन तथा वातावरण क्षेत्रको संरक्षण, विकास र विस्तार तथा विपद व्यवस्थापन प्रतिकार्य योजना, जलबायु परिबर्तन अनुकुलित बिकास, दिगो बिकास, सरसफाई पुर्बशर्त हुन । तसर्थ यस क्षेत्रको समग्र बिकास र व्यबस्थापन गर्न कुल ७० लाख बजेट विनियोजन गरीएको छ ।

## घ. सामाजिक विकास

शिक्षा, स्वास्थ्य, खानेपानी, खेलकुद कार्यक्रमको विकास र विस्तार गर्न तथा लक्षित समुदायको विकास मार्फत समानता, समता र सामाजिक न्याय कायम गरी सभ्य र नमुना गाउँपालिका निमार्ण गर्नु पर्ने दायित्व हाम्रो सामु रहेको छ । यस्ता क्षेत्रहरुको पूर्बाधार बिकास, क्षमता बिकास लगायत संस्थागत क्षमताको सुद्धिणीकरण भएमा मात्र यस गाउँपालिकाको सामाजिक रुपान्तरण हुने करालाई मध्यनजर गर्दै यस ढ क्षेत्रको विकासको लागि कुल २ करोड ६४ लाख ६२ हजार बजेट विनियोजन गरीएको छ ।

## ङ. संस्थागत विकास

परिर्वतित संरचनामा संस्थागत क्षमताको विकास र सुद्धढीकरण नगरे सम्म आशातित विकासको अपेक्षा गर्न नसकिने भएवाट यस क्षेत्रको विकास र सुद्धढीकरणको लागि कुल २ करोड ४१ लाख ५३ हजार ८४१ वजेट विनियोजन गरीएको छ ।

**अध्यक्ष महोदय**,

आर्थिक वर्ष २०७४।७५ को नीति, वजेट तथा कार्यक्रमको अभिन्न अगंको रुपमा रहेको आय व्याय को विवरण तथा अनुमानित व्याय अनुमान, वित्तिय व्यवस्थापनमा कार्यक्षेत्रगत व्यय अनुमान, सर्शत अनुदानको कार्यक्रम योजनालाई अनुसुचिमा राखी पेश गरीएको छ । साथै यस गाउँपालिका क्षेत्रलाई कार्यक्षेत्र वनाई कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी सघं सस्थाहरुले यस आ.व.मा सञ्चालन गर्ने कार्यक्रम तथा वजेट समेत अनुसुचिमा राखि स्वीकृतको लागि पेश गरीएको छ ।

**अध्याक्ष महोदय**,

गाउँ विकास योजनालाई स्कृतीको लागि गाउँसभामा पेश गर्ने क्रममा वस्ती तह, वडा समिति, वडावासी, गाउँमा क्रियाशिल राजनैतिक पाटीहरु, विषयगत कार्यलय हरु, नागरीक समाज, सरोकार वाला निकाय उदयपुरगढी गाउँकार्यपालिका परिवार, लगायत सम्वद्ध पक्षले पुर्‍याउनु भएको महत्वपुर्ण सहयोग र सहभागिता उलेख्निय रहेको छ ।

सहभागितात्मक गाउँ विकास योजना तर्जुमाका विभिन्न चरणमा सहभागी भई प्रथम गाउँसभा आयोजना गर्ने क्रममा गाउँकार्यपालिका परिवार, विषयगत कार्यलयहरु, गाउँवासीहरु, पत्रकार मित्रहरु, नागरिक समाज, सामाजिक परिचालन क्षेत्र लगायत कर्मचारी मित्र हरु वाट प्राप्त साथ र सहयोगको लागि धन्यवाद ज्ञापन गर्दछु । अन्तमा यस गाउँपालिकाले तर्जुमा गरेको नीति, कार्यक्रम तथा वजेटलाई स्वीकृत गरी दिन हुन गाउँसभा समक्ष हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद

सानु कुमारी राउत

उपाध्यक्ष

उदयपुरगढी गाउँपालिका

# उदयपुरगढी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## आ.ब २०७४।०७५ को बार्षिक बजेट बक्तव्य

*"सामाजिक, आर्थिक तथा पूर्बाधार बिकास सहितको पहिचान, समृद्ध उदयपुरगढी गाउँपालिका हाम्रो अभियान"*